# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
# धापासी, काठमाडौं

## परियोजना सम्बन्धी संक्षिप्त जानकारी

| | |
|---|---|
| **परियोजनाको नाम** | भूमि कृषि अभियान |
| **कार्य क्षेत्र** | झापा, धनुषा र दाङ्ग |
| **सम्पर्क व्यक्ति** | कल्पना कार्की |
| **सम्पर्क नम्बर/इमेल** | ९८५११४०४७४/ kalpana@csrcnepal.org |
| **फोकल व्यक्तिको नाम** | कल्पना कार्की |
| **फोकल व्यक्तिको इमेल** | kalpana@csrcnepal.org |
| **फोकल व्यक्तिको सम्पर्क नम्बर** | ९८५११४०४७४ |
| **साझेदार संस्था** | साझेदार संस्था : IIED |
| **परियोजनाको सारंश** | भूमि-कृषि अभियान, नेपाल अन्तर्राष्ट्रियस्तरमा भइरहेको सामाजिक-कानुनी सशक्तीकरण औजारले भूमिहीन र साना किसानको अधिकार सुनिश्चितामा खेलेको भूमिका सम्बन्धी भइरहेको अनुसन्धानात्मक पहलको एक पाटो हो । मूलतः यसले भूमिहीन र साना किसानको जमिनमा पहुँच कायम गरी उत्पादन वृद्धि र व्यावसायिक कृषिलाई टेवा पुऱ्याउने लक्ष्य लिएको छ । साथै तीनै तहका नीति निर्मातालाई भूमिहीन र साना किसानमैत्री नीति र कानुन निर्माण प्रक्रियामा पनि यस अभियानले सघाउ पुऱ्याउँछ । सामाजिक रूपान्तरणको धारणाअन्तर्गत यस अभियानले मूलरूपमा तीन तहका कार्यबाट दिगो रूपान्तरण हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ- (क) समग्र समुदायको सशक्तीकरण र क्षमता अभिवृद्धि, (ख) सचेत, सवल र क्रियाशील जनमानस निर्माण र (ग) भूमिहीन र साना किसानमैत्री नीति तथा सुशासन । |
| **परियोजनाको उद्देश्य** | **लक्ष्य :** भूमिहीन र साना किसानहरू व्यावसायिक कृषिसम्बन्धी नीति र कार्यान्वयन प्रक्रियामा प्रभावकारीरूपमा सङ्लग्न भइ आफ्नो जीविका सुधारका साथै सशक्त ढङ्ले आफ्ना माग राख्न सक्ने हुनेछन् ।<br><br>**उद्देश्य :** भूमिहीन, साना किसान र तिनका आलोचनात्मक सङ्गठनलाई सचेत, सवल र क्रियाशील बनाउँदै कृषि उद्यमसम्बन्धी सरकारी र निजी क्षेत्रको नीति तथा कार्यक्रमहरू दिगो र भूमिहीन तथा साना किसानमैत्री बनाउन प्रभाव पार्ने । |

| | |
|---|---|
| **अपेक्षित नतिजा( सूचाकांक सहित)** | १. भूमिहीन र अन्य सीमान्तकृत साना उत्पादकहरूको क्षमता वृद्धि भई सङ्गठितरूपमा समस्या विश्लेषण गर्न, सञ्जाल निर्माण गर्दै समाधानका विकल्पहरू प्रस्तुत गर्न सक्षम हुनेछन् ।<br>२. समुदाय तहबाटै समावेशी कृषि उद्यमको मोडल तयार भई वैकल्पिक नीतिगत प्रस्तावनाहरू प्रस्तुत हुनेछन् ।<br>३. सीमान्तकृत समुदायलाई हित हुने व्यावसायिक कृषिमा दिगो लगानीको पक्षमा स्थानीयदेखि राष्ट्रिय तहसम्म सम्वाद र पैरवी गर्ने सक्षम साना उत्पादकका श्रेणी र तिनका सहयोगी पङ्क्तिबाटै एउटा आलोचनात्मक मास तयार हुनेछ ।<br>४. नियमित सहभागितामूलक समीक्षा र सिकाइ प्रक्रियाको माध्यमबाट साना उत्पादकहरू सामाजिक र कानुनीरूपमा सशक्तीकरणका प्रक्रिया र सिकाइ अभिलेखन हुनेछ । |
| **अवधि** | १ जनवरी, २०१९ देखि ३० जुन, २०२१ |
| **जम्मा बजेट** | २,८१,३९,२१३ |